आज मिति २०८०।०६।२५ गतेका दिन साँझ ४:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको २८ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | माधव कुमार जैसी | सचिव | |
| **अन्य उपस्थिति:** | | | |
| १ | प्रयागराज खनाल | नगर प्रमुखको सचिवालय | |
| २ | | | |

**प्रस्ताव नं. १ अख्तियारी सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा रिट निवेदक जिल्ला कैलाली वर्दगोरिया गाँउपालीका वडा नं.३ मा रजिस्टर्ड कार्यालय रही घरेलु तथा साना उद्योग कार्यालय कैलालीमा दर्ता रहेको जय गणेश इट्टा उद्योगका प्रो.कैलाली जिल्ला धनगढी उप. न.पा.वडा नं १ बस्ने गुरुदयाल महतोको छोरा बर्ष ५० को मनोज कुमार महतो तथा लम्कीचुहा नगरपालिकाको कार्यालय कैलाली समेत प्रत्यर्थि रहेको रिट निवेदन नं. (०८०-wo-०००८) मुद्दाको लिखित जवाफ पेश गर्न भनि सम्मानित उच्च अदालत दिपायल डोटीबाट जारी भएको म्याद मिति २०८०/०६/११ गते मा तामेल भएकोमा उक्त मुद्दाको लिखित जवाफ उच्च अदालत दिपायल डोटीमा आफै स्वयम् उपस्थित भई वा वारिस मार्फत उक्त रिट निवेदनको लिखित जवाफ पेश गर्नका लागी लम्कीचुहा नगरपालिका न्यायिक समिति शाखाका कानुनी सल्लाहकार अधिवक्ता रुपा कुमारी चौधरीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ धोबिनिया खोलाको IEE सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका भित्रका चरेला, पथरिया, रोरा, चोरी, कर्णाली, धोबिनिया, बहुला, वर ,आँम, ढुंङ्गेबजार र ७ नं. नदी खोलाको IEE प्रतिवेदन मिति २०८०।०४।२२ गतेको कार्यपालिका वैठकबाट स्वीकृत भएकोमा लम्कीचुहा नगरपालिका वडा नं. ३ मा अवस्थित धोबिनिया खोलाको सिमा विवादका कारण लम्कीचुहा न.पा. को नक्साभित्र पर्ने पूर्ण भागको स्थलगत निरीक्षण नभै केही आंशिक भागको मात्र स्थलगत निरीक्षण भई उत्खनन गर्न नमिल्ने भन्ने व्यहोराको IEE प्रतिवेदन पेश हुन आएकोले उक्त धोबिनिया खोलाको लम्कीचुहा नगरपालिको नक्सा सिमाभित्रको पूर्ण पुन: स्थलगत निरीक्षण गरी IEE प्रतिवेदन पेश गर्न प्याराडाईम ईन्जिनियरिङ कन्सेल्टेन्सी प्रा.लि. धनगढी कैलालीलाई अनुरोध गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ३ लागत साझेदारीको प्रतिबद्दता सहित सिफारिस गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय मा.वि. थापापुरमा शिशु कक्षा देखी १० कक्षा सम्म ४०० जना विद्यार्थीहरु अध्ययन गरिरहेकोमा विद्यार्थीको चाप अनुसारको भवन अभाव रहेको कारण १६ कोठाको २ तले पक्की आधुनिक भवन निर्माणका लागि नेपाल स्थित भारतीय राजदुतावास, काठमाडौंसंग उक्त भवन माग गर्ने र उक्त भवनको कुल लागत अनुमानको २० प्रतिशत यस नगरपालिकाद्वारा लागत साझेदारी गर्ने प्रतिबद्दता गर्ने निर्णय पारित गरियो।

माधव कुमार जैसी
नि. प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

**प्रस्ताव नं. ४ सामाजिक परिचालकको पदपूर्ति सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय को प.स. २०८०।०८१ च.न. ३२४ मिति २०८०।०६।२५ को प्राप्त पत्र अनुसार गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत लम्कीचुहा नगरपालिकामा रिक्त रहेको सामाजिक परिचालकको पदपूर्ति गरिबसँग लम्कीचुहा नगरपालिकाको करार सेवा कर्मचारी भर्ना कार्यविधि २०७५ बमोजिम पदपूर्ति गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५ दैनिक ज्यालादारी कर्मचारी नियुक्ति सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा न. - २ बस्ने श्री सुरेश उपाध्यायलाई नगरप्रमुख ज्यूको सचिवालयमा सहायक कम्प्युटर अपरेटर पदमा सहायक स्तर चौथो तह पदको लागि तोकिए बमोजिमको रकम भुक्तानि गर्ने गरी २०८० असोज १ गते देखि लागु हुने गरी बढीमा ६ महिना दैनिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने निर्णय पारित गरियो।

Scanned with CamScanner